# पुस्तक समीक्षा




**पुस्तकः** प्रेस स्वतन्त्रताः सङ्कटका एक वर्ष
**सम्पादकः** शिव गाउँले
**प्रकाशकः** नेपाल पत्रकार महासङ्घ
**पृष्ठः** १५८
**प्रकाशन मितिः** सन् २००६

> २०६१ फागुन १२ मा भाइको बिहेको सामान किन्न गएका पत्रकार दीपिन राईलाई सेनाले झापाको शनिश्चरेबाट गिरफ्तार गर्छ र ८ दिनसम्म कठोर यातना दिई बङ्करमा राख्छ। 'शाही कदम' विरोधी आन्दोलनमा देखिए गोली हानिने धम्की दिइन्छ। जसले गर्दा उनी शारीरिक रूपमा अस्वस्थ र मानसिक रूपमा कमजोर बन्न पुगे (पृ. १९)।
>
> २०६१ फागुन १ मा *नौलो आवाज*का सहसम्पादक मोहन पोखरेलको रिहाइको निम्ति आग्रह गर्न झापाको चन्द्रगढीको जबरजङ्ग गणमा पुगेका सम्पादक दीपक अधिकारीलाई पनि सेनाले बङ्करभित्र लगेर कठोर यातना दिन्छ। आँखामा पट्टी बाँधेर चारआली ब्यारेक लगेर यातनाको शृङ्खला जारी राखिन्छ (पृ. १९-२०)।

यी दुई उदाहरण नै काफी छन्, २०६१ माघ १९ मा राजाको सक्रिय शासन सुरु भएपछिको नेपाली सञ्चार क्षेत्रको अवस्था दर्शाउन। शाही शासनको ज्यादती र हस्तक्षेपले देशको विकटदेखि सुगमसम्म कुनै ठाउँ बाँकी राखेन, जहाँ

कलमजीवीको अस्तित्व थियो । पत्रकारहरूले पेशा (जागिर) लाई जोखिममा पारेर स्वतन्त्रताको निम्ति गरेका सङ्घर्षका बयानको दस्तावेज हो, *प्रेस स्वतन्त्रता: सङ्कटका एक वर्ष* पुस्तक । नेपाल पत्रकार महासङ्घद्वारा प्रकाशित यो पुस्तक जनआन्दोलन २ को सफलतासँगै आएको छ, विश्व प्रेस स्वतन्त्रता दिवसको अवसर पारेर । 'हरर सो' को खलपात्र जस्तो देखिने राज्यले आदिम युगको पुनरारम्भको उद्देश्यसाथ प्रेस स्वतन्त्रतालाई शूलीमा चढाउन गरेका दुष्कर्महरूको सजीव वर्णन छ, पुस्तकमा । नेपाली प्रेसका लागि आएको त्यो कालरात्रिको अगाडि निहुरिएनन्- स्वतन्त्रताका सारथीहरू, बरु पेशागत स्वतन्त्रताको दायरा नाघ्दै नागरिक स्वतन्त्रताको सङ्घर्षको मैदानमा सामेल भएर राज्यसँग टक्कर लिए । पुस्तकमा पत्रकार र उनीहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घलगायतका सङ्घसंस्थाहरूले गरेका गर्व गर्न लायक प्रतिरोधका शृङ्खलाहरू पनि समेटिएका छन् ।

शाही सम्बोधनको आरम्भसँगै सञ्चारमाध्यममाथि सुरु भएको फौजी हस्तक्षेप देश चलाउने पार्टी र नेताहरूमाथि भन्दा पनि क्रूर थियो । अरूलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिए पनि सञ्चार गृहमा भने सेना खटाइएको थियो । स्वतन्त्र रेडियोका समाचार बुलेटिनहरू सैनिकहरूले नै बन्द गर्न लगाए । कैयौँका प्रसारण यन्त्र कब्जामा लिइयो । छापा र टिभीको समाचार सम्पादन गर्ने कर्तव्य उनै हतियारधारीको बन्यो । ठाउँठाउँमा पत्रकारहरूलाई गिरफ्तार गरियो । यस्तो अनौठो समय आयो कि, स्वतन्त्रताको निम्ति आवाज उठाउने पत्रकारहरू भूमिगत हुनुपर्‍यो । एउटा उदाहरण, झापाका कृष्ण हुमागाईं दुई महिनासम्म निर्वासित हुनुपर्‍यो । कतिपटक त उनी र प्रहरीबीच छापामार शैलीमा लुकामारी भयो । हुमागाईं एक प्रतिनिधि पात्र मात्र हुन् । उनको जस्तो नियति भोग्नेहरू अनगिन्ती छन् । समाचारका स्रोतहरूमाथि नियन्त्रण गरियो । सेना र राज्यले दिएका सूचनासिवाय स्वतन्त्र खबर प्रवाहमा बन्देज लगाइयो । २०६१ माघ २८ गते माओवादीले कैलालीको कारागारमा गरेको हमला प्रत्यक्ष देखेका पत्रकारहरूले समाचार प्रवाह गर्न भोलिपल्टको साँझसम्म डोटीको दिपायलस्थित सैनिक पृतनाको विज्ञप्ति कुर्नुपर्‍यो ।

पत्रकारलाई जिल्लामा टिक्न 'तथ्य लुकाएर' समाचार सम्प्रेषण गर्ने वा समाचार नै सम्प्रेषण नगर्ने' अवस्थामा पुर्‍याउन हरेक प्रयत्न गरियो । सरकारी सञ्चारमाध्यम रेडियो नेपाल, गोरखापत्र, नेपाल टेलिभिजन र राससमा कार्यरत अस्थायी सम्वाददाताहरूलाई बर्खास्त गरियो । निजी सञ्चारमाध्यम जहाँ आफ्नो प्रभाव पर्न सक्थ्यो, त्यहाँ पनि यस्तै प्रयास गरिएको थियो ।

महाकाली अञ्चल प्रशासक महेन्द्रमान व्यथितले राजावादी पत्रकार राखेर शाही कदमको विपक्षमा रहेका महेन्द्रनगरका *राजधानी* दैनिकका सम्वाददाता खगेन्द्र पन्तलाई निष्कासन गर्न निकै प्रयत्न गरेको पुस्तकमा दिइएको उदाहरण पनि सरकारी अनुदारताको अर्को प्रमाण हो (पृ. ७०) । नेपाल पत्रकार महासङ्घले राजाको माघ १९ को शाही घोषणासँगै यस्ता स्वतन्त्रताविरोधी क्रियाकलापको भेउ तुरुन्तै पाइसकेको थियो । त्यसैले घोषणाको भोलिपल्टै नेपाल पत्रकार महासङ्घ प्रतिरोधको निम्ति एक्लो योद्धाको रूपमा सडकमा ओर्लिएको थियो, शाही कदमलाई 'कू' को कठोर संज्ञा दिएर । महासङ्घले राजाको शासनलाई कुनै शङ्काको लाभ दिन चाहेन । आँट र दूरदृष्टि नै मान्नुपर्छ, उसले राजाको कदम स्वतन्त्रताको विरुद्धमा रहेको पहिचान गरेर सङ्घर्षको घोषणा गऱ्यो । जबकि अन्य थुप्रै पेशागत सङ्घसङ्गठन त के कतिपय जिम्मेवार दलहरू नै त्रास, भ्रम वा अलमलमा थिए ।

## व्यथाको वर्णन

इतिहासमा नेपाली पत्रकारितामाथि पहिलोपल्ट भएको सैनिक हस्तक्षेपले गर्दा पनि त्यो निकै महत्त्वपूर्ण कालखण्ड थियो । पुस्तकका सम्पादक शिव गाउँलेले देशभरिको तथ्याङ्कलाई आधार बनाएर तयार पारेको आरम्भ लेख 'सङ्कटको एक वर्ष' नै किताबको शीर्षकको आधार हो । त्यसपछि पूर्वाञ्चल, मध्यमाञ्चल, काठमाडौँ उपत्यका, पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न जिल्लाका घटनाहरू विवरणात्मक रूपमा समेटिएका छन् । यसले मिडियामाथिको हस्तक्षेपका केस्राकेस्रा विवरण दिन्छ ।

त्यसपछि महासङ्घका तत्कालीन सभापति तारानाथ दाहालले 'प्रभाव र प्रवृत्ति' शीर्षकमा शाही शासनको उद्देश्य, नियत, त्यसको प्रभाव र असरको उत्खनन् गर्ने कोसिस गरेका छन् । सुरुका दुई पृष्ठमा केही सन्दर्भहरू दोहोरिएका छन्, यसले सम्पादनको अभावलाई सङ्केत गर्छ । तर उनले गरेको वर्ष दिनको विश्लेषण निकै सटिक छ ।

विनोद ढुङ्गेलको 'दमन र प्रतिरोधमा स्वतन्त्र रेडियो' लेख पुस्तकको सबैभन्दा लामो हो । स्वतन्त्र रेडियोमा भएको राज्यको प्रहार र त्यसको प्रतिरोधका चरणहरूको सविस्तार वर्णन छ । रेडियो आन्दोलनको पूर्ण पाठ नै हो, त्यो । विभिन्न घटनाहरूको विश्लेषणयुक्त चित्रण पनि छ । लेख छोटो पारेको भए थप पठनीय हुन्थ्यो । यसबारे पुस्तकका सम्पादकसँग कुरा गर्दा उनको भनाइ थियो– "शाही सरकारको सबैभन्दा कठोर आक्रमण नेपालका स्वतन्त्र रेडियोले सामना

गर्नु परेकाले अलिकति उदारपूर्वक 'स्पेस' दिइएको हो । मसिनो गरी सम्पादन गर्दा समय लाग्थ्यो । त्यसैले अलिकति लामो भएको हो ।"

पुस्तकमा मिडिया आन्दोलन र उसमाथि भएको हमलाको कुनै पाटो छुटेको छैन । धर्मेन्द्र झाले 'स्वतन्त्रताको जगेर्नामा कार्टुन' शीर्षकको लेखमा निरङ्कुशताको बेलामा पनि कार्टुनिस्टहरूले गरेको सरकारी आदेशको अवज्ञा लगायतका विषयमा चर्चा गरिएको छ । १९ माघपछि जब सेना प्रेस सामग्री सेन्सर गर्न प्रकाशन गृहमा तैनाथ गरिए, कार्टुनले 'कमाल' गरेका रमाइला घटनाहरू धेरैको मस्तिष्कमा ताजा नहुन सक्छन् । त्यस्ता घटनाहरूलाई पुनः स्मरण गराउने गरी विगत खोतल्न यो लेख केही असफल देखिन्छ । जस्तो कि शाही कदम लगत्तैको *जनआस्था* साप्ताहिकमा रविन सायमीको कार्टुनमा परेवाले मुखमा चिठी लिएर उडेको थियो । सेन्सर गर्न आएका सेनालाई 'शान्तिको प्रतीक' भनेर अल्मल्याएको बताइएको थियो । तर यथार्थमा सञ्चार विच्छेद गरेको शाही सरकारले समाजलाई आदिम युगमा फर्काउन खोजेको 'अभियोग' लगाउने कार्टुनिस्टको अभिष्ट देखिन्छ ।

राजाको टेलिभिजन घोषणालाई कार्टुनमा उतारेर 'समाचारवाचक' लेखिएको वात्स्यायनको कला निकै चर्चामा रह्यो । यस्ता थुप्रै कार्टुनहरू प्रकाशित भए जसले भय, जोखिम, सन्तुष्टि र काउकुती एकसाथ दर्शाउँथे । त्यस्ता कति कार्टुन त पत्रिकाले नै प्रकाशन गरेनन् । प्रतिवाद र प्रतिरोधको सशक्त माध्यम कार्टुनलाई नागरिक आन्दोलनमा सन्देश वाहकको रूपमा प्रदर्शनमा राखियो । विरलै व्यङ्ग्यको निशाना बन्ने राजा नै शाही कदमपछि भने प्रत्येकजसो कार्टुनका पात्र बनाइए ।

त्यस्तै निर्मला शर्माले 'ज्यादतीको साक्षीः फोटो पत्रकारिता' मा शाहीकालमा फोटो पत्रकारिताको अवस्था र भूमिकाबारे लेखेकी छन् । यसमा विकास रौनियारले आफ्नै मिडिया हाउसलाई सेनाले कब्जामा लिएको दृश्य क्यामरामा कैद गर्न नसकेको पीडालाई उल्लेख गरिएको छ । यसले पढ्नेलाई पनि चस्स पोल्छ । संवाददाताको तुलनामा फोटो पत्रकारले उठाउनुपर्ने जोखिमबारे फोटो पत्रकारलाई उद्धृत गरिए पनि त्यसलाई शाही शासनकालसँग जोड्ने उदाहरणको अभाव छ । जस्तो माघ १९ कै दिन रेडियो सगरमाथामा सैनिक तैनाथ भएको उषा तितिक्षुको फोटोले त राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा त्यति बेला राम्रो चर्चा पाएको थियो । तर यस्ता उदाहरणहरूको चर्चासम्म पनि गरिएको छैन पुस्तकमा । समष्टिमा फोटो पत्रकारको स्कूप र योगदानको चित्रण अलि कम छ । बरु लेख उनीहरूको विवशता र पत्रकारिताको विधिबारे बहकिएको छ ।

टेलिभिजनको भूमिका र योगदानलाई फोटोसम्बन्धी लेखकै कुनामा समेट्न खोज्ने प्रयास पर्याप्त छैन । आन्दोलनकारीमाथि सादा पोशाकमा हमला गर्ने 'भिजिलान्ते' भोलिपल्टको जुलुसमा प्रहरी पोशाकमा देखिएको दृश्य कान्तिपुर टेलिभिजनले प्रसारण गरेको थियो । त्यस्ता बिर्सन नसिकने उदाहरणहरू छुटेका छन् । कतै विद्युतीय वा फोटो पत्रकारितालाई कम महत्त्व दिइएको त होइन भन्ने प्रश्नमा पुस्तकका सम्पादक गाउँलेको भनाइ थियो, "आन्दोलनमा विद्युतीय सञ्चारमाध्यमको ठूलो भूमिका रहेकोले विनोद ढुङ्गेलको लेखमा प्रशस्त स्थान दिइएको हो ।" यद्यपि टिभी वा फोटो पत्रकारिताको योगदान उचित ढङ्गले नसमेटिएको देखिन्छ । सुरक्षाकर्मीको क्रूर र अमानवीय व्यवहार नाङ्गो रूपमा जनतासामु ल्याउने नै टेलिभिजनहरू हुन् ।

पुस्तकको अन्तमा देवेन्द्र भट्टराईले लेखेको 'संसारको समर्थन' ले नेपाली प्रेस स्वतन्त्रताको लडाईंमा विश्वव्यापी समर्थन रहेको कुरालाई समेटेको छ । तर समन्वयको अभावले हुनसक्छ, उक्त लेखमा पनि राज्यको दमनका तिनै घटनाहरू उल्लेख छन्, जो अघिल्ला लेखहरूमा प्रशस्त आएका छन् ।

## प्रेसपक्षीय सङ्ग्रह

तीन महिनाको तयारीमा निकालिए पनि टिप्पणी गर्ने ठाउँ पनि छन्, यो पुस्तकमा । सम्पादक शिव गाउँलेको सुरुको लेखमा शीर्षकमुन्तिरको फोटो सुहाउँदो वा सान्दर्भिक लाग्दैन । त्यसले खुशी, प्रसन्नता वा विजय प्रतिबिम्बित गर्छ । हुन पनि पत्रकार महासङ्घको निर्वाचनको परिणामलगत्तै विजयी पदाधिकारीले राति अबेर प्रज्ञा प्रतिष्ठानमा खिचाएको फोटो हो त्यो । पुस्तकको शीर्षक पुष्टि गर्न लेखिएको उक्त शीर्ष लेखको अन्ततिर उल्लेख गरिएका घटना र तथ्याङ्क दोहोऱ्याउनु साटो केही उदाहरणहरू उद्धृत गर्दै लेख गुँथेको भए झनै पढुँपढुँ लाग्ने थियो । किनकि लेखसँगै तथ्याङ्कहरूको बक्स छ । र, तिनै तथ्याङ्क लेखमा पुनः दोहोरिएका छन् ।

शीर्ष लेखपछि पुस्तक दुई खण्डमा विभाजित छ । पहिलोमा विभिन्न ठाउँका पत्रकारहरूले लेखेका जिल्लाहरूका रिपोर्टलाई क्षेत्रगत रूपमा राखिएको छ । दोस्रोमा काठमाडौँका पत्रकारहरूले घटनाको अवलोकन वा अध्ययनका आधारमा तयार पारेका दृष्टिकोणप्रधान विश्लेषणहरू छन् । पहिलो खण्डमा समेटिएका जिल्लागत रिपोर्टमा राज्यद्वारा दिइएका यातना र प्रताडनाका शब्दावलीहरू बारम्बार दोहोरिएका छन् । यसले पुस्तक कतै आवेश प्रेरित वा एकाङ्गी त छैन भन्ने शङ्का गर्न बल पुऱ्याएको छ । किनकि ती सबै रिपोर्टका लेखक र स्वयं

पुस्तक प्रकाशक नेपाल पत्रकार महासङ्घ राज्यद्वारा पीडित र प्रताडित हुन् । साथै यी सबै प्रत्यक्ष रूपमा शाही कदमको खिलाफ र प्रेस स्वतन्त्रताको पक्षमा भएका आन्दोलनमा सरिक थिए । र, उनीहरूकै सङ्घर्ष र पीडाको शब्द सङ्ग्रह पनि हो, यो पुस्तक । तर पनि घटनाहरू बढाइचढाइ नगरी यथार्थ र सत्य नै उल्लेख गरिएको बताउँदै सम्पादक शिव गाउँले भन्छन्– "निःसन्देह यो पुस्तक प्रेसपक्षीय छ । तटस्थ छ, भन्न सक्दैनौं ।"

एकद्वार विज्ञापन नीति लागू गरेर राज्यले स्वतन्त्र प्रेसमाथि आफ्नो नियन्त्रण गर्न खोजेको लेखिए पनि त्यसले कसरी प्रभाव पारेको थियो भन्ने विधिबारे उल्लेख नभएकोले गैर पत्रकारको निम्ति त्यो अलि जटिल र अमूर्त विषय बन्न सक्छ । सरकारी सञ्चारमाध्यमबाट निष्कासित पत्रकारहरूको सङ्ख्या मात्र कति हो ? जागिर विमुख भएका भनिएका २५० मध्ये मध्यमाञ्चलको मोफसल र पश्चिमाञ्चलका कम छन् किन ? यस्ता कुराको विवेचनाको अभाव छ । कान्तिपुर जस्ता निजी मिडिया हाउसले पनि पत्रकार निष्कासन गरेको उल्लेख गरिएको छ । स्वतन्त्रताको आन्दोलनमा सहयात्री जस्तै देखिएको सो संस्थाबाट पत्रकार निकालिनुको कारण नखुलाइएकाले थप कौतूहल सिर्जना हुन्छ । जिल्लाका रिपोर्टमा सन्दर्भ र सिलसिला खण्डित छन्, मिलेका छैनन् ।

विगतमा राजनीतिक दलको सरकार हुँदा पनि सरकार परिवर्तनसँगै सरकारी सञ्चारमाध्यमका पत्रकारको जागिर खोसिन्थ्यो । नेपाली मिडियाको स्वतन्त्रता सङ्कटमुक्त त प्रजातन्त्र कालमा पनि थिएन । सूचनाको अधिकार कुण्ठित नै थियो । तारानाथ दाहालको लेखमा पनि उक्त कुरा स्वीकार गरिएको छ । निजी सम्पर्क वा सम्बन्ध सुदृढ नबनाउँदासम्म छिटो र चाहेको सूचना पाउन गाह्रो थियो । औपचारिकभन्दा अनौपचारिक स्रोतबाट सूचना लिनुपर्ने अवस्था विद्यमान छ । समाचारको 'बीट' अनुसार सूचनादाता र सूचनाग्राही पत्रकारबीच सुध्रिएको सुमधुर सम्बन्धले स्रोतको अनावश्यक सुरक्षा गर्नुपर्ने बाध्यता छ । सूचना पाउने लोभले सम्बन्धको उक्त आवरणमा स्रोत व्यक्तिका जघन्य अपराधहरू प्रकाशमा आउँदैनन् । यस्ता प्रश्नको जबाफ पुस्तकले दिन सकेको छैन ।

राज्यले मिडियामाथि गरेको हस्तक्षेपसँगै माओवादी ज्यादती पनि उत्ति नै क्रूर देखिएका थिए । पुस्तकमा ती घटना अलि ओझेलमा परेका छन् । माओवादीले गरेको भ्रष्टाचारको समाचार लेखेपछि *ब्लाष्ट टाइम्स* इलाममा प्रतिबन्धित भएको थियो, माओवादीको हुकुममा । रामेछापका हिमाल ढुङ्गेललाई माओवादीले भौतिक कारबाहीको धम्की दिए । उनी त्यसअघि सैनिक मेजरद्वारा चार घण्टा बन्दी बनाइएका थिए । दोहोरो धम्कीको सामना गरेर अडिएका थिए, सर्लाहीका

पत्रकारहरू पनि । मुलुकका अन्य थुप्रै जिल्लाका पत्रकारहरूको नियति त्योभन्दा भिन्न थिएन । पुस्तकमा राज्य र माओवादी दुवैले गरेका ज्यादतीलाई एकै ठाउँमा मिसाएर सरसर्ती उल्लेखको साटो ज्यादतीका अलगअलग पाटा राखेको भए नेकपा (माओवादी) को अन्यायप्रति पनि न्याय हुने थियो ।

यो पुस्तकमा लेखक छनोटको आधार नखुलाइएकाले आलेख, सङ्कलन र रिपोर्टको अवस्था, हैसियत, विश्वसनीयता आदिको प्रमाण पनि खुलेको छैन । सम्पादक गाउँलेका अनुसार क्षेत्रगत रूपमा लेख्न लगाइए पनि ती लेखहरू पत्रकार महासङ्घका जिल्ला शाखासँग समन्वय गरेर वा त्यसलाई उद्धृत गरेर तयार गरिएका हुन् । १३ जना लेखक, सङ्कलक र सम्पादकमध्ये महिला एकजना मात्र छन् । थरका आधारमा हेर्दा मधेशी एकजना मात्र छन् । १३ जना लेखकमध्ये एकजना क्षेत्री र बाँकी सबै बाहुन हुन् । प्रत्येक जिल्लाका प्रत्येकजसो रिपोर्टको पहिलो अनुच्छेद करिब-करिब समान छन् । यातना, गिरफ्तारी, धम्की, तालाबन्दी, तारेख, खानतलासी, निर्देशन, चेतावनी, प्रतिबन्ध, सेन्सरसीप, सुरक्षाकर्मीको तैनाथी आदि इत्यादि । त्यस्ता तथ्याङ्क जिल्लागत रूपमा पनि प्रस्तुत गरेर क्षेत्रगत रूपमा राखिएको लेखलाई घटनाको आधारमा उपशीर्षक बनाएर प्रस्तुत गरेको भए पढ्न सजिलो हुने थियो ।

आवरण तस्बिर सान्दर्भिक छ । सज्जा, छपाइ, कागजको गुणस्तर राम्रो छ । पुस्तकको औचित्य र कमजोरी दुवैमाथि यसका सम्पादक शिव गाउँलेको टिप्पणी छ, “कतिपय घटना छुटेका पनि होलान् । तर वैज्ञानिक ढङ्गले यो स्तरमा पहिलोपल्ट यस्तो पुस्तक प्रकाशित भएको हो, जसले प्रेस स्वतन्त्रताको स्थितिबारे यति विस्तृत चित्रण गरोस् । यसको प्रकाशनपछि नै अवकाश पाउने, बेरोजगार हुने, गिरफ्तार हुने, घाइते हुने पत्रकारहरूको सङ्ख्याको अनुमान गर्ने प्रचलन अन्त्य भएको छ ।” यति हुँदाहुँदै पनि शाही निरङ्कुशताको अवधिको प्रेस स्वतन्त्रताबारे बुझ्न यो किताब एकचोटि पूरै पढौँ भन्ने हो भने त्यो अलि पट्यार लाग्दो छ, टुटफुट प्रसङ्ग र अनावश्यक लम्बाइले । किनकि समान घटना र प्रवृत्ति दोहोरिएका छन्, अधिकांश पातोहरूमा । तर चित्त बुझाउने अर्को कारण- यत्तिकै पुस्तक पनि निस्किएको थिएन, यसअघि । साधन स्रोतका अभावमा यसअघि यस्तो प्रकाशन नगरेको महासङ्घलाई यो पुस्तक प्रकाशनको निम्ति डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (डानिडा) ले सहयोग गरेको थियो । त्यसैले पनि होला, सम्पादक गाउँले भन्छन्– “पुस्तकलाई समय र परिस्थितिले झनै राम्रो बनाइदिएको हो ।”

## अत्याचार सहेको गौरवशाली पुस्ता

धादिङमा माओवादीसँग सुरक्षा फौजको भिडन्तको छायाङ्कन गर्ने साहस गरेका नेपाल वान टेलिभिजनका फणिन्द्र सिलवाललाई सेनाले ज्यान मार्ने धम्की दियो । सुरुमा उनलाई उनीसम्बद्ध संस्थाले स्थायी गर्ने सार्वजनिक घोषणा गरेको सुनियो । तर सेनाको दबाबपछि व्यवस्थापनले उनलाई स्थायी गर्नुको साटो जागिरबाटै निष्कासन गरेको सो टेलिभिजनका उनका सहकर्मी पत्रकारहरूबाट थाहा पाइयो । सरकारी जागिर गर्दै पत्रकारिता गरिरहेका महासङ्घको उदयपुर शाखाका तत्कालीन सचिव मधुकर थापा आन्दोलनमा लागिरहे, जागिरलाई धरापमा राखेर (पृ. १२) । यस्ता धेरै थिए, जसले आफ्नो जागिरभन्दा स्वतन्त्रतालाई आत्मसात गर्न चाहे । तर ती स्वतन्त्रताका सारथीहरूलाई राज्यले सक्दो दबाबमा राख्न चाह्यो । त्यसलाई कार्यान्वयन गर्ने अधिकारीहरू व्यक्तिगत रूपमा पनि सजायँका भागी हुनुपर्ने अवस्था देखिएको छ ।

माओवादीद्वारा हत्या गरिएका पत्रकार ज्ञानेन्द्र खड्कासँग वियोगको पीडा बोकेका सिन्धुपाल्चोकका पत्रकारलाई सशस्त्र प्रहरीका डिएसपी दीपक थापाले सताएको घटना पुस्तकमा समावेश छ। उनले आफ्नो कार्यकक्षमा पत्रकार पवित्रकुमार खड्कालाई आतङ्ककारीलाई झैँ व्यवहार गर्ने चेतावनी दिएका थिए (पृ. ३०) । शाही शासनकालपछि पत्रिकाविहीन जिल्ला बन्न पुगेको सङ्खुवासभामा एसएलसीमा जाँच गर्ने नाउँमा प्रहरीले छात्राको संवेदनशील अङ्ग समातेको घटना सार्वजनिक भएपछि पत्रकारलाई जिल्ला प्रशासन कार्यालय बोलाएर त्यसबारे समाचार नलेख्न उर्दी जारी गरिएको थियो (पृ. १२-१३) । त्यसमा संलग्न अधिकारी त व्यक्तिगत रूपमा पनि सजायँको भागी हुनुपर्थ्यो ।

सप्तरीमा अदालतको आदेशबाट रिहा भएका पत्रकार अर्जुन शाहलाई पुनः पक्राउ गरी डिएसपी विश्वनिरञ्जन प्रधान, इन्सपेक्टर गोविन्द काफ्ले र असई जीवन निरौलाले कठोर यातना दिएको, हात भाँचिदिएको उल्लेख गरिएको छ पुस्तकमा (पृ. १८) । ताप्लेजुङमा राजावादीहरू इन्द्र श्रेष्ठ र रमेश न्यौपानेले पत्रकारलाई ज्यान मार्ने धम्की दिएका थिए (पृ. १५) । उदयपुरका लिला निरौलालाई त्यहाँका डिएसपी माधव बस्नेतले चिया पसलमा दुई घण्टा नियन्त्रणमा लिए (पृ. १३) । उनी कहाँ छन्, के गर्दै छन् ? कस्तो व्यवहार गरेका थिए बस्नेतले भन्ने कुरा उल्लेख गरिनुपर्थ्यो । किताबमा ज्यादतीमा संलग्न यस्ता धेरै नामहरू उल्लेख छैनन् । सिङ्गो राज्य वा सरकारलाई मात्र थोपरिएको छ, दमनको दोष । घटनासँगै ती सबैका नाम महासङ्घको शाखामार्फत सङ्कलन भएको भए, जनआन्दोलनमा

भएको दमनलगायतका विषयमा छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगको निम्ति राम्रो स्रोत बन्न सक्थ्यो पुस्तक ।

सरकारको निर्देशनको पालनाको नाउँमा जे पनि गर्नुपर्ने बाध्यता कुनै अधिकारीमा हुँदैन । यदि उसमा त्यति प्रतिरोध वा प्रतिवाद गर्ने नैतिक आँट छैन भने पनि कम्तीमा व्यक्तिगत रूपमा मानवीय, सभ्य र असल व्यवहार गर्न सकिन्छ । गैरकानूनी आदेशको अनावश्यक पालना गर्ने वा अधिकारी व्यक्तिगत रूपमा पनि सजायँको भागिदार हुनुपर्छ, आदेश पालनाको नाउँमा उन्मुक्ति पाउनु हुँदैन । त्यसले दण्डहीनतालाई प्रश्रय दिन्छ ।

आदेश पालना कसरी गर्ने भन्ने कुरा अधिकारी वा कमाण्डरको खुबी र क्षमतामा पनि भर पर्ने कुरा हो । उदाहरणको रूपमा नेपालगञ्जमा भएको आन्दोलन र सुरक्षाकर्मीको धैर्यलाई लिन सकिन्छ । स्थानीय पत्रकारहरूले बताएअनुसार नेपालगञ्जमा आन्दोलनकारीले प्रहरी गाडीमा आगो लगाएर डिएसपीलाई घाइते बनाउँदा पनि प्रहरीले संयम गुमाएनन् । दोषीहरूलाई त्यतिकै छाड्ने उदारताले न्यायको प्रवर्द्धन पक्कै गर्दैन । हुन पनि नेपालको सुगम वा दुर्गम जहाँसुकैका पत्रकारहरूसँग राज्यको ज्यादतीले रचना गरिदिएको २१ औं शताब्दी नसुहाउँदो कथा सङ्ग्रह छ । साँच्चै भन्ने हो भने गौरवशाली पुस्ता हो यो । शाही महत्त्वाकाङ्क्षाको अत्याचार चिर्दै पत्रकारिता गर्ने स्वाभिमान र आत्मविश्वास देखाउने मौका मिल्यो पत्रकारलाई । यस्ता तमाम समस्याहरूसँग जुध्दै पत्रकारहरूले आन्दोलनको भरमा स्वतन्त्रता र पेशाको रक्षा गर्न हिम्मत हारेनन्, अघि बढिरहे । के त्यस्तो पीडादायी कालरात्रिको पुनरागमन होला र, अब कहिल्यै ? सम्भवत: त्यति विधि अत्याचारको पुन: कल्पना गर्नु जागरुक नागरिक चेतनाप्रति अविश्वास ठहरिने छ । किनकि स्वतन्त्रता कुण्ठित गर्ने प्रयास टिक्ने सम्भावना नेपाली जनताले अन्त्य गरिदिएका छन् ऐतिहासिक जन आन्दोलनमार्फत । र, त्यही स्वतन्त्रता र जनशक्ति नै रक्षा कवच हुनेछ, नागरिक पत्रकारिताको ।

**शरद केसी**
हिमाल खबरपत्रिका पाक्षिक